आज मिति २०७६ साल जेष्ठ ०४ गते यस माण्डवी गाउँपालिका गाउँकार्यपालिकाको बैठक बसी तपशिलका विषयहरु माथि छलफल तथा निर्णय गरियो ।

**प्रस्तावहरु**

१.गाउँपालिकाको केन्द्र तोक्ने सम्बन्धमा

२. विषेश गाउँसभाको मिति तय गर्ने वारे

३. योजना सम्बन्धमा

**निर्णयहरु :**

प्रस्ताव नं. १ माथी छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४ को उपदफा १ बमोजिम माण्डवी गाउँ कार्यपालिकाले गाउँपालिकाको केन्द्र माण्डवी गाउँपालिका ३ ( सावीक नयाँगाउँ १ जस्पुर) जस्पुरमा तोक्ने निर्णय सर्व सम्मत गरि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथी छलफल गर्दा माण्डवी गाउँपालिकाको विषेश गाउँसभा यहि मिति २०७६/०२/१२ गते बस्ने निर्णय गरियो ।

प्रस्ताव नं. १ माथी छलफल गर्दा माण्डवी गाउापालिकाका तपशिल बमोजिमको आयोजनाहरु माण्डवी गाउापालिकाको समुचित विकासलाई मध्यनजर गर्दै माण्डवी - ३ देविस्थानमा राख्ने निर्णय गरियो ।

तपशिल

१. १५ शैयाको अस्पताल निर्माण

२. चिस्यान केन्द्रको निर्माण

३. बहुउद्देश्यीय हल निर्माण

४. केन्द्र सरकार/ प्रदेश सरकार अथवा स्वंय स्थानीय सरकारले कृषि तथा पशुसेवा कार्यालयको भवन निर्माण गर्नु परेमा माण्डवी गाउँपालिका- ३ देविस्थानमा नै बनाउने निर्णय गरियो ।

**प्रमाणित गर्ने**

**शिसिर रिजाल**

**प्रमुख प्रशासकीय अधिकृत**